श्री
उच्च अदालत सुर्खेत
२०७३

देहायः-

श्री सर्वोच्च अदालतको मिति २०७६/१२/०७ को पूर्ण बैठकको निर्णय तथा नेपाल सरकारको मिति २०७६/१२/१० को निर्णय अनुसार समेत कोभिड-१९ को रोकथाम तथा नियन्त्रणको लागि २०७६/१२/११ गते देखि नै देशव्यापी बन्दाबन्दीको कारण अदालतबाट सम्पादन गरिने काम कारवाहीमा समेत संकुचन गरी बन्दीप्रत्यक्षीकरण, फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ नं बमोजिमका निवेदन तथा कोरोना भाइरस (कोभिड-१९) संग सम्बन्धित निवेदन सम्म कारवाही र सुनुवाई भइआएकोमा बन्दाबन्दीको स्थिती लम्बिदै गएको कारण अदालतबाट सम्पादन गरिने सबै कामकारबाहीहरु अनिश्चित कालसम्म स्थगन गर्न मनासिब र व्यवहारिक पनि नदेखिएको साथै श्री सर्वोच्च अदालतको मिति २०७७/०२/१६ परिपत्र बमोजिम स्थानिय अवस्थालाई विचार गरी थप कामकारबाही सुचारु गर्ने भन्ने एवं नेपाल सरकारको मिति २०७७/०२/२९ गतेको निर्णय अनुसार बन्दाबन्दी क्रमश खुकुलो गर्दै जाने भन्ने निर्णय समेत भएको सन्दर्भमा यस अदालतको क्षेत्राधिकार भित्रका जिल्लाहरुमा कोरोना महामारीको संक्रमणको जोखिममा खासै कमी आएको अवस्था नभएपनि (अझ दैलेख जिल्लाका हकमा पूर्ण बन्दाबन्दी कायमै रहेको) यस अदालत, सुर्खेत जिल्ला अदालत, सरकारी वकील तथा बारका प्रतिनिधिहरु विच छलफल गर्दा संक्रमण रोकथाम तथा नियन्त्रणका लागि निर्धारित मापदण्डको अनुसरण गर्दै निश्चित सामाजिक दुरी कायम राख्दै तथा भिडभाड नहुने गरी बन्दीप्रत्यक्षीकरणको निवेदन, फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ नं को निवेदन तथा कोरोना भाइरस कोभिड-१९ सँग सम्बन्धित निवेदन लगायत साविक देखिनै गरिदै आएका कामकारवाहीहरुका अतिरिक्त हाललाई देहायका कामकारबाहीहरु सुचारु गर्ने निर्णय गरियो।

## निर्णयहरुः-

**उच्च अदालत सुर्खेतको हकमाः-**

१. सर्वोच्च अदालतको बृहत पूर्ण इजलासको मिति २०७७/०२/१५ गतेको आदेशबाट प्राप्त गर्न सकिने सुविधामा प्रतिकुल असर नपर्ने गरी मुद्दा, पुनरावेदन पत्र तथा निवेदन दर्ता गर्न ल्याएमा दर्ता गर्ने।

२.सम्वन्धित पक्ष वा कानून व्यावसायी उपस्थित हुनसक्ने मुद्दा तथा निवेदनहरुमा सुनुवाई गर्ने।

३.दरपिठ आदेश उपरको निवेदन दर्ता र सुनुवाई गर्ने।

४.कानून व्यावसायी मुकरर नभएका थुनामा रहेका प्रतिवादीको वैतनिक वकील मार्फत प्रतिनिधित्व हुने मुद्दाको सुनुवाई गर्ने।

५. नेपाल सरकार पुनरावेदक भएका मुद्दामा प्रत्यर्थी झिकाउने आदेश भइ झिकाइएका प्रतिवादीले म्याद गुजारी मिति २०७६/१२/०९ अगावै थाम्ने थमाउने अवधि व्यतित भएको अवस्थाका मुद्दाहरुको कारवाही र सुनुवाई गर्ने।

६.पुनरावेदक प्रतिवादी थुनामा रही कारवाही चलिरहेका मुद्दामा कानून व्यावसायी मुकरर भइ उपस्थित हुने भएमा सुनुवाई गर्ने।

७.पक्ष तारेखमा नरहेका वा तारिख गुजारी मिति २०७६/१२/०९ भन्दा अगावै थाम्ने थमाउने म्याद समाप्त भएका कानून व्यवसायी मुकरर नभएका वा कानून व्यवसायीको उपस्थिति हुन सक्ने अवस्थाका मुद्दा तथा रिट निवेदनहरुको कारवाही र सुनुवाई गर्ने।

८.मुद्दा फिर्ता र मिलापत्र संम्बन्धी कारवाहीलाई सुचारु गर्ने।

९.अदालतमा रहेका इजलासको संख्या, बनावट तथा इजलासबाट मुद्दा सुनुवाई गर्दा इजलासमा उपस्थित हुन सक्ने मुद्दाका पक्ष, कानून व्यवसायीको संख्या, संक्रमणबाट बच्नका लागि अपनाउनु पर्ने सावधानी तथा पालना गर्नु पर्ने मापदण्ड एवं सामाजिक दुरी समेतलाई विचार गरी सर्वोच्च अदालत बृहत पूर्ण इजलासको मिति २०७७/०२/१५ गतेको आदेशबाट प्राप्त गर्न सकिने सुविधामा प्रतिकुल असर नपर्ने गरी दुवै पक्ष तारेखमा नरहेका भएपनि १ वर्ष नाघेका मुद्दा तथा रिट निवेदनहरु उपयुक्त संख्यामा पेशी चढाई सुनुवाईको व्यवस्था मिलाउने।

१०.सम्बन्धित पक्ष वारेस वा कानून व्यावसायी उपस्थित भई पुनारवेदन पत्र तथा फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७३ नं एवं मुलुकी देवानी कार्यविधि

संहिता २०७४ को दफा १५७ नं बमोजिमका प्रतिवेदनहरु सुनुवाई गर्न अनुरोध भइ आएमा सो को सुनुवाई गर्ने।

११. नेपाल सरकारको तर्फबाट दर्ता भएको प्रत्यर्थी झिकाउने आदेश भई नसकेका पुनरावेदन एवं साधक समेत सुनुवाई गर्न सकिने।

१२. फैसला लगायत मिसिल संलग्न कागजातको नक्कल माग गर्न आएमा नियमानुसार नक्कल दिने।